# शुभकालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुकाटिया, कालिकोट

कर्णाली प्रदेश नेपाल

## रोजगार सहायकको सेवा करारमा पदपूर्ति सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७९/५/१९)**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मिति २०७९/३/२२ र चलानी नं. ३६३ प्रकाशित सूचना अनुसार रोजगार सेवा केन्द्रमा रोजगार सहायक १(एक) पद खुला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पद पूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको भौचर रसिद सहित निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ६-२०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ जना |

१. आबश्यक न्यूनतम योग्यता र अनुभव :

(क)नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता पत्र वा सो सरह उत्तीर्ण गरेको ।

(ख)दरखास्त दिन अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

(ग) आधारभूत कम्प्यूटर सीप सम्वन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

२. दरखास्त दिने स्थान : शुभकालिका गाउँपालिकाको कार्यालय सुकाटिया कालिकोट ।

३. दरखास्त दिने अन्तिम मिति : २०७९/६/२ गते **अन्तिम दिन सार्वजनीक विदा परेमा सोको भोलीपल्ट कार्यालय समयमा पेश गर्न सकिनेछ ।**

४. आवेदन शुल्क : ५००/- (पाँच सय मात्र) ।

५. छनौटको किसिम :- प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

६. निवेदनका साथ संलग्न कागजातहरु :- आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु :

(क) नेपाली नागरिकताको प्रतिलिपी ।

(ख) काम सँग सम्वन्धित अनुभभव भए सोको कागजात ।

(ग) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाण पत्र ।

(घ) तालिमको प्रमाण पत्र ।

(ङ) चारित्रिक प्रमाण पत्र ।

(च) २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधा तथा अन्य : स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धी मापदण्ड,२०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्वन्धीत अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np तथा शुभकाकलिका गाउँपालिकाको वेवसाइट www.kalikamunkalikot.gov.np बाट प्राप्त गर्न सकिन्छ

९. लिखित तथा प्रयोगात्मक परीक्षाको मिति प्रारम्भिक योग्ताको सूचि प्रकाशन सँगै तोकिने छ ।

१०.नोट : सूचनामा उल्लेखित भए बाहेकका अन्य कुराहरुमा प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा रहेको उम्मेद्वार छनौट तथा सिफारिस समितिले गरे बमोजिम हुनेछ ।